# "बाल मैत्री विद्यालय" हाम्रो आवश्यकता

**मित्रनाथ गर्तौला**
उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र

**लेख सार**

**सबैका लागि शिक्षा तथा सहस्राब्दी विकासका लक्ष्य जस्ता क्षेत्रमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा अभिव्यक्त गरेको प्रतिबद्धता एवम् राष्ट्रको परिवर्तित परिप्रेक्ष्यमा शिक्षामा समसामयिक सुधार गर्ने, सर्वसाधारणको पहुँच बढाउने र गुणस्तरीय शिक्षा प्रदान गर्ने जस्ता सबै कार्यक्रमहरूको कार्यान्वयन गर्ने निकाय विद्यालयहरू नै हुन् । विद्यालयलाई केन्द्र विन्दु बनाई सञ्चालित कार्यक्रमहरूलाई बाल मैत्री वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षक, विद्यार्थी र अभिभावक बिचको समन्वयलाई निरन्तरता दिनु अनिवार्य हुन्छ । बाल बालिकाहरूको सर्वोत्तोमुखी विकास गर्नका लागि बाल मैत्री वातावरणको सुनिश्चितता गरी शिक्षण सिकाइ क्रियाकलापलाई अर्थपूर्ण र प्रभावकारी बनाउन आवश्यक हुन्छ । पाठ्यक्रम र बाल बालिकाबिच रोचक र जीवन्त सम्बन्ध कायम राख्ने प्रमुख दायित्व शिक्षकको हो । शिक्षकको योग्यता, क्षमता र बालिकाको चाहनाबिचको समन्वयमा उत्साहजनक र गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन सकिन्छ । त्यसकारण सामाजिक र आर्थिक रूपान्तरण गरी समृद्ध नेपाल निर्माणका लागि शिक्षकको अन्य पेसा भन्दा बढी जिम्मेवारी र जवाफदेहिता छ । भनाइ पनि छ, समाजमा आकर्षक पेसा मानिएको एकजना डाक्टरले गल्ती गर्दा एक व्यक्तिको ज्यान गुम्न सक्छ, एक जना इन्जिनियरले गल्ती गर्दा भवन भत्किएर केही मानिसको जीवन जोखिम हुन सक्छ । तर एक जना शिक्षकको गल्तीले एक पुस्ताको भाग्य र भविष्य नै अन्धकार भई देशको उन्नति र प्रगतिमा गम्भीर आघात पुग्दछ । तसर्थ शिक्षण पेसालाई कम बाँकी शिक्षकको भूमिका बुझ्न नसक्नु ठूलो गल्ती हुन्छ । अतः बाल बालिकाहरूको चौतर्फी विकासका लागि आवश्यक बाल मैत्री विद्यालयको स्थापना तथा कक्षाकोठाको व्यवस्थापन एवम् सिकाइ क्रियाकलापहरूको स्तरीयता प्रदान गर्ने दायित्व शिक्षकमा रहन्छ । यसका साथै विद्यालयका अन्य गतिविधिमा हौसलापूर्वक सहभागिता जनाउने उर्जाशील शिक्षक मैत्री वातावरणमा मात्र बाल मैत्री विद्यालयको परिकल्पना साकार हुन्छ ।**

## विषय प्रवेश

शिक्षा क्षेत्रमा गरिने सुधारको केन्द्रविन्दु बालबालिका हुन् । यिनीहरूको हित गर्न नै समुदायमा विद्यालयहरूको स्थापना भएका छन् । बालबालिकाहरूले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्न सक्ने वातावरण भएको विद्यालय बाल मैत्री विद्यालय हो । यस्ता विद्यालयहरूले बालबालिकाहरूको वैयक्तिक विभिन्नतालाई ख्याल गर्दै तदनुकूलको सिकाइ वातावरणको सिर्जना गरी सिकाइ क्रियाकलापहरूलाई अगाडि बढाएका हुन्छन् । सबै बालबालिकाहरूलाई अनुकूल हुने गरी कक्षाकोठाको व्यवस्थापनदेखि शैक्षिक वातावरण समेतलाई दृष्टिगत गरी समान शैक्षिक अवसरहरू प्रदान गरिन्छ । उनीहरूमा भएको अन्तरनिहित क्षमता र सिर्जनशीलतालाई उच्चतम प्राथमिकताको सुनिश्चितता हुन्छ । बालबालिकाहरूको सर्वाङ्गीण प्रतिभाहरूको उजागर गरी शैक्षिक पहुँच र गुणस्तरीयता बढाउन विद्यालय कटिबद्ध रहन्छ जसको परिणाम उनीहरूलाई दक्ष, सिपयुक्त र प्रतिस्पर्धी असल नागरिक बनाउने ध्येय रहन्छ ।

सामान्य व्यक्तिले बुझ्ने भाषामा बाल मैत्री विद्यालय भन्नाले विद्यालय नजिक होस्, बालबालिकाको हातमा पढ्ने पुस्तक होस्; विद्यालयमा कक्षा कोठा, बस्ने बेन्च, पिउने पानी, भोक मेटाउन खाजा, दिसापिसाब गर्ने चर्पी, खेल्ने चौर होस्; अभिभावकले पढ्न पठाऊन्; शिक्षकले पुरा समय पढाउन; कसैबाट अपहेलित हुन नपरोस्; विद्यालय सबैको साझा फुलबारी होस्; फुल्ने फक्रने अवसर सबैले पाऊन् भन्ने बुझिन्छ ।

WLTO का अनुसार बाल मैत्री विद्यालयका नौ ओटा प्रमुख तत्वहरू निम्नानुसार छन् :

- भौतिक वातावरण (Physical environment)
- भवन र सुविधा (Building & facilities)
- सिकाइ सामग्री (Learning materials)
- मनोसामाजिक वातावरण (Psycho-social climate)
- विद्यार्थी सहभागिता (Student participant)
- सक्रिय सहभागिता (Active participant)
- घर र विद्यालयको सम्बन्ध (Home-school links)
- विद्यालय स्वास्थ्य प्रबर्धन (School-health promotion)

बाल अधिकार सम्बन्धी अन्तरराष्ट्रिय महासन्धि १९९० तथा सबैका लागि शिक्षा सम्बन्धी घोषणा पत्रमा नेपालले आफ्नो बचन बद्धता जाहेर गरेको छ। परिणाम स्वरूप गुणस्तरीय शिक्षाका लागि बाल मैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ लागू भइसकेको स्थिति छ।

यस प्रारूपमा बाल मैत्री विद्यालयका निम्नानुसार प्रमुख पक्षहरू उल्लेख गरेको छ । ती हुन्- प्रभावकारिता, समावेशीकरण, शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालयको भौतिक अवस्था, शिक्षण सिकाइ प्रक्रिया, मातृभाषामा शिक्षण सिकाइ र विद्यालय व्यवस्थापन। त्यसैगरी बाल मैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बाल मैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ समेत जारी भएको छ। यसरी हेर्दा एकातिर बाल बालिकाहरूको सर्वाङ्गीण विकासका लागि विद्यालय र स्थानीय सरोकारवाला निकायको साझा र एकीकृत योजना निर्माण गरी बाल मैत्री वातावरणको सुनिश्चित गर्न सकिन्छ।

### बाल मैत्री विद्यालयको विशेषता

- बालबालिकाहरूले शारीरिक मानसिक तथा संवेगात्मक रूपले सुरक्षित र स्वतन्त्र वातावरण पाउँछन्।
- बालबालिकाहरूको रुचि, क्षमता र स्तरको कदर हुने भएकाले सोही अनुसारको पाठ्यक्रम एवम् पाठ्य सामग्रीको व्यवस्था हुन्छ।
- बालबालिकाको सिकाइ उपलब्धिको मापन एवम् मूल्याङ्कन गर्ने जिम्मेवारी पूर्ण रूपमा शिक्षकलाई दिइन्छ।
- बालबालिकाहरूलाई विना रोकटोक भर्ना गरी भेदभावरहित व्यवहार गरिन्छ।
- पढाइ र लेखाइका अतिरिक्त बालबालिकाहरूको स्वास्थ्य एवम् सुरक्षामा विशेष ध्यान पुऱ्याइन्छ।
- विद्यालय व्यवस्थापन, नीति निर्माण, योजना तर्जुमा तथा कार्यान्वयनमा बालबालिका, अभिभावक र समुदायको सहभागिता रहन्छ।
- बालबालिकालाई कुनै पनि प्रकारको दण्ड र सजाय बर्जित हुन्छ र उनीहरूलाई दुर्व्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर हुन्छ।
- सबै बालबालिकाको अनुभव, चाहना र मूल्य मान्यतालाई प्राथमिकता दिई अवसर प्रदान गर्न समावेशीकरण गरिएको हुन्छ।
- बालबालिकाको सिकाइको प्रारम्भ घरपरिवारबाट हुने भएकाले उनीहरूको मातृभाषाका माध्यमबाट पठन पाठन गर्दा विद्यालयमा बालबालिकाको पहुँच र अनियमितताको समस्या सम्बोधन गर्न सकिन्छ।
- पाठ्यक्रमले निश्चित गरेका सिकाइ उपलब्धिहरू हासिल गर्नेतर्फ विद्यार्थीको प्रगति विश्लेषण गरी अभिलेख व्यवस्थित हुन्छ।

यसरी शिक्षकले कक्षाका प्रत्येक बालबालिकाहरूको नियमित रूपमा सिकाइ व्यवहारको अभिलेख

व्यवस्थित गर्ने भएकाले बाल मैत्री विद्यालय बनाउने प्रमुख पात्रका रूपमा शिक्षकलाई लिइन्छ । यस पद्धतिका लागि पोर्टफोलियो व्यवस्थापन, व्यवहार अवलोकन, सहभागिता, साथी एवम् स्वमूल्याङ्कन जस्ता पक्षहरूमा जोड दिइन्छ । बालबालिकाहरूलाई उनीहरूको साथीको दैनिकी भन्न लगाउने, मुख्य मुख्य बुँदाहरू टिप्न लगाउने, सकारात्मक र नकारात्मक पक्षका बारेमा लेख्न लगाउने आदि गतिविधिहरूमा उनीहरूको सक्षमताको उजागर हुन्छ । एक कक्षामा एकै प्रकारका बालबालिका हुन्छन् भन्नेमा विश्वास गर्दैन । यसकै सैद्धान्तिक पष्ठभूमिलाई हेर्दा वर्तमान समावेशी र समाहित शिक्षण सिकाइ क्रियाकलापले प्राथमिकता पाएको हुन्छ ।

## बाल मैत्री शिक्षण सिकाइ क्रियाकलाप

हिजोसम्म शिक्षण सिकाइले सफल र प्रभावकारी शिक्षण गर्ने पक्षलाई समेटेर लाने गर्थ्यो भने आजभोलि बालबालिकाहरूलाई सक्रिय रूपले सहभागी गराएर अर्थपूर्ण सिकाइ गराउनु भन्ने बुझिन्छ । वास्तवमा उपलब्धिमूलक सिकाइ नै शिक्षण सिकाइका क्षेत्रमा पर्दछ । त्यसकारण विद्यार्थीहरूको चाहना, आवश्यकता, क्षमता र स्तर अनुसारका शैक्षिक क्रियाकलापहरूको शृङ्खलाद्वारा उनीहरूमा हासिल हुने सिकाइ उपलब्धि नै शिक्षण सिकाइ क्रियाकलापको मुख्य ध्येय रहन्छ ।

अभिभावकहरूले आफ्नो बाल बालिकालाई ज्ञान, सिप तथा क्षमता अभिवृद्धिका लागि विद्यालयहरूमा पठाउने गर्दछन् । तर विद्यालय पठाएका बालबालिकाहरू त्यहाँको वातावरण भन्दा विद्यालय बाहिरको वातावरणमा रमाउने गर्दछन् । उनीहरू विद्यलय समयमा वनजङ्गलमा चरा मार्न, खोलामा पौडी खेल्न, सहर बजार घुम्न, चलचित्र हल भए सिनेमा हेर्न, एकान्त ठाउँमा खेल खेल्न आदि मन पराउने भएकाले त्यहीतिर केन्द्रित हुन्छन् । किन यसरी बालबालिकाहरू बाहिरी क्रियाकलापहरूमा रमाउने गर्दछन् ? कसैले सोचेको छ ? किनभने विद्यालयले उनीहरूलाई सोचेन, बालकेन्द्रित क्रियाकलापहरू गरिएन, बाल केन्द्रित वातावरणको सिर्जना हुन सकेन । जसले बाहिरी वातावरण उनीहरू अनुकुल बन्यो र उनीहरूलाई त्यतैतिर तान्यो । विद्यालय समयमा विद्यालयभित्र जेल जस्तो गरी वाध्यता गराएर राखिएको महसुस भयो । परिणामतः विद्यालय बालकेन्द्रित हुन सकेन ।

विद्यालयमा सिकाइ वातावरणको सिर्जना गरी प्रभावकारी सिकाइ प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्माण गर्ने शिक्षक नै हो । शिक्षकले आफूलाई व्यावसायिक बनाउन सकेको खण्डमा मात्र कक्षाकोठामा सहजकर्ता, उत्प्रेरक, समन्वयकर्ता र बालबालिकालाई सिकाइप्रति जिज्ञासु बनाउने व्यक्तिका रूपमा प्रस्तुत हुन सक्दछन् । यसरी शिक्षण सिकाइ कार्य गरेमा मात्र प्रभावकारी र अर्थपूर्ण सिकाइ हुन्छ । विद्यालय र समुदायबिचको सम्बन्ध, शैक्षिक सामग्रीहरूको उपलब्धता, निरन्तर मूल्याङ्कन पद्दति, बालबालिकाको व्यवहार जस्ता तत्त्वहरूलाई पनि बाल मैत्री शिक्षण सिकाइ प्रक्रियाका महत्त्वपूर्ण पक्षहरू मानिन्छ । बाल बालिकाहरूमा रहेको अन्तरनिहित क्षमता एवम् सिर्जनशीलतालाई प्रष्फुटन गराउन शिक्षकले उनीहरूलाई कक्षाकोठाभित्र पढ्ने र लेख्ने काममा मात्र सीमित नराखी विभिन्न क्रियाकलापमा सहभागी गराउन आवश्यक हुन्छ । उनीहरूलाई गीत, नाच, खेल, कथा, कविता, खोजपूर्ण कार्य, सिर्जनशीलता जस्ता मनोरञ्जनात्मक क्रियाकलापहरूमा पनि संलग्न गराउन सकिन्छ ।

## निष्कर्ष

शिक्षाका नीति, निर्माण, कानुन र योजनामा बालबालिकालाई सर्वोपरि मान्नु पर्ने हुन्छ । उनीहरूको हित उन्नतिलाई केन्द्रविन्दुमा राखी बनाइएका कार्यक्रमहरू कार्यान्वयन योग्य हुन्छन् । परम्परागत प्रविधि र प्रवृत्तिबाट माथि उठेर समयको माग र बालबालिकाहरूको चाहना अनुसारको वातावरणमा ध्यान दिनु पर्दछ । यसरी उनीहरूको रुचि, क्षमता र स्तर अनुकूल नवीनतम् क्रियाकलापहरूको निर्माण एवम् प्रयोग गरी उपयुक्त वातावरणको सिर्जना गरिनु पर्ने हुन्छ । यसरी अनुकूल स्थिति एवम् वातावरण बनाउन सकेको खण्डमा बालबालिकाहरू विद्यालयबाट बाहिर हैन कि बाहिरबाट विद्यालयमा नियमित आउने गर्दछन् । जसलाई बाल मैत्री विद्यालयको महत्त्वपूर्ण सूचकका रूपमा

लिन सकिन्छ । अतः सचेत अभिभावक, समर्पित शिक्षक र शिरमा समझदारी, काँधमा जिम्मेवारी र हृदयमा इमानदारी बोकेका व्यवस्थापन समितिका पदाधिकारी तथा सरकारी निकायका अधिकारीहरूको सहकार्य र समन्वयनमा मात्र बाल मैत्री विद्यालयको स्थापना हुन सक्छ । यसमा शिक्षक बढी क्रियाशील हुनुपर्ने भएकाले बाल मैत्री विद्यालयका लागि शिक्षक मैत्री विद्यालय हुनु पनि त्यत्तिकै आवश्यक छ ।

## सन्दर्भ सामग्री


शिक्षा विभाग । **गुणस्तरीय शिक्षाका लागि बाल मैत्री विद्यालय राष्ट्रिय प्रारूप**, २०६७ । भक्तपुर : लेखक

शैक्षिक जनशक्ति विकास केन्द्र । **बाल मैत्री विद्यालयको सेरोफेरो, स्रोत सामग्री**, २०६८ । भक्तपुर : लेखक

शिक्षा मन्त्रालय । **विद्यालय क्षेत्र सुधार योजना**, २०६६-२०७२ । काठमाडौं : लेखक

शैक्षिक जनशक्ति विकास केन्द्र । **शिक्षक शिक्षा २०५९** । भक्तपुर : लेखक

नेपाल निजामति कर्मचारी युनियन, विभागीय कार्य समिति, शिक्षा मन्त्रालय । **शिक्षा सोपान**, २०६९ । भक्तपुर : लेखक